# रेसुङ्गा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तम्घास - गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

च.नं. ११० ८

प.स. ०७९/८०

रेसुङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय तम्घास, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

मिति २०७९/१०/२९

श्री वडा कार्यालयहरु सबै (१-१४)

**विषयः न्यूनतम रोजगारमा संलग्न हुनका लागि बेरोजगार दर्ता गर्ने सूचना।**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्राप्त पत्रानुसार रोजगारको हक सम्वन्धी ऐन २०७५ नियमावली २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संशोधन, २०७८ सहित) बमोजिम आ.व. २०८०/०८१ मा न्यूनतम रोजगारीमा आवद्ध भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिले मिति २०७९ फागुन १ गतेदेखि फागुन मसान्त सम्म यस नगरपालिका भित्र स्थायी बसोबास गरेको बडा कार्यालयमा निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा वडा कार्यालय र  यस नगरपालिकाको वेवसाइट www.resungamun.gov.np मा उपलब्ध रहेको छ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्डः**

१. बेरोजगार नेपाली नागरिक १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेको।
२. निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा यस कार्यक्रमबाहेक अन्यत्र कम्तिमा १०० दिनको रोजगारीमा संलग्न नभएको र स्वरोजगारमा संलग्न भई १०० दिन रोजगारी वापत नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक (रु.५७,७००) भन्दा कम आय भएको।
३. कार्यक्रममा सहभागी हुन इच्छुक भई पूर्ण विवरणसहित रीतपूर्वक आवेदन गरेको ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजातः**

१. निवेदनसहित परिवारमा भएका सम्पूर्ण सदस्यहरुको रेसुङ्गा नगरपालिकाभित्र स्थायी बसोबास देखिने नेपाली नागरिकताको प्रमाण पत्रको स्पष्ट देखिने प्रतिलिपि। नागरिकतामा स्थायी बसोबास रेसुङ्गा नगरपालिका नदेखिएमा बसाइसराई वा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि।
२. निवेदक वैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा जान नपाएको व्यक्ति भएमा पासपोर्टको नंम्बर, विदेशबाट फिर्ता आएको स्पष्ट देखिने प्रतिलिपि ।
३. पासपोर्ट साइजको फोटो १ प्रति।

पुनश्चः वेरोजगार व्यक्तिले अनुसूची -१ बमोजिमको निवेदनमा आवश्यक विवरणहरु (व्यक्तिगत विवरण पारिवारिक विवरण, पेशाव्यवसाय तथा रोजगारीबाट हुने आय आम्दानी तथा सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी भए नभएको) अनिवार्य रुपमा भर्नु पर्नेछ। पूर्ण रुपमा नभरिएका फारामहरु सूचीकृत गरिने छैन। थप जानकारीका लागि रेसुङ्गा नगरपालिका रोजगार सेवा केन्द्रको मोवाइल नं. ९८४७१३३८९७ मा सम्पर्क गर्न सक्नु हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद अर्याल